**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ३१ गते मंगलबार ❑ 15 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पोखरा विमाननस्थबाट अन्तरराष्ट्रिय उडान विस्तार गर्न निरन्तर छलफलमा छौं : पर्यटनमन्त्री पाण्डे

**रासस**
काठमाडौं, ३० असार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पोखरा अन्तरराष्ट्रिय विमाननस्थललाई दिगो सञ्चालन गर्न विभिन्न अन्तरराष्ट्रिय एयरलाइन्स कम्पनीसँग निरन्तर छलफल भइरहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित प्रश्नको जवाफ दिदैं उहाँले विमानस्थललाई दिगो रूपमा सञ्चालनका लागि कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा ल्याइएको बताउनुभयो । मन्त्री पाण्डेले पोखरा विमानस्थलबाट हुने अन्तरराष्ट्रिय उडानका सन्दर्भमा विभिन्न किसिमका सहुलियत प्रदान गरिएको र जसकारण उडान सङ्ख्या वृद्धि हुने सम्भावना रहेको बताउनुभयो । हाल हिमालयन एयरलायन्समार्फत पोखरा-ल्हासा नियमित उडान भइरहेको र अन्य एयरलायन्ससँग समेत छलफल तथा समन्वय गरी उडान विस्तार गर्ने प्रयास जारिरहेको उहाँले उल्लेख गर्नुभयो ।

मन्त्री पाण्डेले नेपाल वायुसेवा निगमको संरचनागत तथा संस्थागत सुधारका कामलाई विशेष प्राथमिकता दिइएको बताउनुभयो । उहाँले भन्नुभयो,“वायुसेवा निगमको संरचनागत तथा संस्थागत सुधार गरी निगमको बजार हिस्सा वृद्धि गर्न विद्यमान संरचनामा व्यवस्थापकीय सुधार गर्ने वा रणनीतिक साझेदार भित्र्याएर संचालन गर्ने वा निगमलाई कम्पनीमा रूपान्तरण गर्ने विकल्पसहित सुझावहरू प्राप्त भएका छन्। उपलब्ध विकल्पबारे विस्तृत अध्ययन र छलफल गरी निगमको आवश्यक सुधार गर्ने विषय मन्त्रालयको उच्च प्राथमिकतामा छ।”

मन्त्री पाण्डेले हिमाल आरोहणलाई व्यवस्थित र सुरक्षित बनाउन मन्त्रालयले प्राथमिकताका साथ काम गरिरहेको सदनलाई जानकारी गराउनुभयो । सरकारले हालसम्म ४७२ वटा हिमाल आरोहणका लागि खुला गरेको तथा ती हिमालको प्रचारप्रसार र प्रवर्द्धनका काम धमाधम भइरहेको उहाँको भनाइ थियो । मन्त्री पाण्डेले पर्यटन विभागले आठ हजार मिटर अग्ला हिमालबारे आधारभूत जानकारीसहितको पुस्तिका प्रकाशन गरी प्रचार गरिरहेको जानकारी दिनुभयो । बैठकमा सांसदहरू सूर्यप्रसाद ढकाल, प्रेम सुवाल र माधव सापकोटाले पर्यटन मन्त्रालयसँग सम्बन्धित विभिन्न प्रश्न गर्नुभएको थियो ।

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका योजनाहरूको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कास्की जिल्लामा कृषि पूर्वाधार, उत्पादन, बजारीकरण र तालिममा उल्लेखनीय प्रगति भएको छ।

परियोजनाले चालु आर्थिक वर्षमा विनियोजित ६ करोड ३४ लाख रुपैयाँ मध्ये ६ करोड ६ लाख रुपैयाँ खर्च गरेर करिब ९० प्रतिशत काम सम्पन्न गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई कास्कीका प्रमुख वरिष्ठ कृषि अधिकृत माधव लम्सालले बताउनुभयो।

पोखरा लगायत कास्कीका विभिन्न स्थानमा सोमबार अनुगमन उक्त परियोजनाको तीन तहका सरकारका प्रतिनिधि सहित पत्रकारको टोलीले अनुगमन गरेको उहाँले जनाउनु भयो । पोखराको लेकसाइडमा चिसापनी पशुपालन फर्म प्रा.लि. तथा अर्गानिक तरकारी पसलमा गरिएको अनुगमनमा तरकारीको बजारीकरण सम्बन्धी लगानीको समीक्षा गरिएको थियो। त्यहाँ पोखरा १४ का कृष्ण बहदुर गुरुङले फलफूल तथा तरकारीको आउटलेट स्थापना गर्नु भएको हो । यसैबीच, पोखरा ११ काहुँस्थित ध्रुव थापाले संचालन गरेको आधुनिक प्रविधिबाट च्याउ उत्पादनका लागि हाईटेक संरचना निर्माणमा उक्त परियोजनाले सहयोग गरेको छ भने उक्त परियोजनाको समेत अवलोकन गरिएको छ । काहुँ



सिस्नेरी एग्रो फार्मका संचालक थापाले वुटवलबाट धेरै आउने गरेको उक्त च्याउ यहाँ उत्पादन हुन थाले पछि केही प्रतिशत आयातलाई रोकेको जनाउनु भयो। च्याउको उत्पादन हिउँदमा मात्र सीमित हुने भए पनि अहिले वर्षभर उत्पादन सम्भव बनाउने उद्देश्यले सहयोग गरिएको उक्त परियोजनाको कार्यालयले जनाएको छ । प्राङ्गारिक खेती प्रवर्द्धन र महिलालाई कृषि उद्यमशिलतामा प्रोत्साहन गर्न काहुँमा निल बाराही कृषि तथा भर्मी कम्पोष्ट एग्रो फार्ममा परियोजनाले सहयोग गरेको छ । उक्त परियोजनाको समेत अवलोकन गरिएको थियो भने जहाँ लक्ष्मी अधिकारी सहितको दुई दिदी बहिले सुरु गरेको परियोजनामा गड्याउलाबाट मल उत्पादन हुने गरेको दृश्य समेत उनीहरुले देखाएका थिए। पोखरा १८ हेमजामा जय देउराली फलफुल प्रशोधन उद्योगको समेत अवलोकन गरिएको छ। उद्योगमा आगन्तुक अनुगमन टोलीलाई उद्योग संचालक बासुदेव तिवारीले स्थानिय जुसको स्वाद चखाउनु भएको थियो । उहाँले लोक्कल रक्सिलाई आफुले समेत उत्पादन गरी ब्राण्डिङ गर्न चाहेको बताउदै अलैचि खेति तथा यसको कारोवार गर्दै आएको जनाउनु भयो । माछापुच्छ्रे ६ धितालमा दुग्ध चिस्यान केन्द्रमा चिलिम भ्याट स्थापना गरी केन्द्रको क्षमता अभिवृद्धि गरिएको छ। स्थानियको माग अनुसार श्री धिताल दुग्ध उत्पादन सहकारी संस्था लि.लाई परियोजनले सहयोग गरेको हो । स्थलगत तालिम र व्यवसायिक प्रवर्द्धनका लागि पोखरा निवासी किसान मिना गुरुङले २४ लाखको लगानीमा तालिम केन्द्र स्थापना गर्नुभएको छ। विभिन्न जातका वाली र पशुपालनलाई ध्यानमा राख्दै स्थानिय किसानलाई सैद्धान्तिक र प्राविधिक तालिम दिने उद्देश्य राखिएको छ।

परियोजनाका प्रमुख वरिष्ठ कृषि अधिकृत माधव लम्सालले अनुगमनका क्रममा कार्यालयले यातायात, सिँचाइ, चिलिम भ्याट, स्थायी र अस्थायी टनेल, अलैंची क्षेत्र विस्तार तथा गाईभैंसीको बजार व्यवस्थापनमा पनि सहयोग गर्दै आएको जानकारी दिनुभयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## डिलभिरको मापदण्ड घटाउन रातोपैह्राका वासिन्दाको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

सरकारले जग्गाको लालपुर्जा दियो तर घर बनाउन नपाएको भन्दै पोखरा १७ रातोपैराका वासिन्दाले सेतीनदीको मापदण्ड घटाउन माग गरेका छन्।

उपल्लो रातोपैह्रा टोल विकास संस्थाको चौथो वार्षिक साधारण सभामा वोल्ने वक्ताहरुले महानगरपालिकाले लगाएको डिलभिरको मापदण्ड घटाउन माग गरेका हुन् । महानगरले सेतीनदीको मापदण्ड डिलभिरबाट ३० मिटर कायम गर्दा लामो समयको अन्तरालमा प्राप्त गरेको जग्गाधनी पुर्जाको तिरोतिर्ने र घरको नक्शा प्राप्त गर्ने अधिकारबाट बञ्चित हुन वाध्य भएको स्थानीय वासिन्दाको सामुहिक गुनासो रहेको छ । पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका




शाही योगीले सो साधारण सभाको उद्घाटन गर्दै सेतीनदी लगायत विभिन्न खोलाको मापदण्ड घटाउन पहल गर्ने बताउनुभयो । जलवायु परिवर्तनको कारण नदी र खोलाका किनाराको वस्ति उच्च जोखिममा रहेको भन्दै नागरिकको सुरक्षाको लागि महानगरले मापदण्ड कायम गरेकोमा जोड दिदैं उहाँले यस क्षेत्र सेनीदनी खुल्ला अवस्थामा रहेको हुँदा पुर्नरावलोकन गर्नुपर्ने आवश्यकता औल्याउनुभयो । कार्यक्रममा सञ्चारकर्मी हरिप्रसाद बास्तोलाले टोलछिमेकको विकास निर्माणमा स्थानीयवासिन्दा सगठीत भएर लाग्नु पर्नेमा जोड दिदैं एकतावद्ध समाजले मात्र आवश्यक पुरा गर्ने विश्वास व्यक्त गर्नुभयो । समाजसेवी लिला वहादुर जिसीले पिछडीएको यस क्षेत्रको विकास निर्माणमा वडास्तरबाट विषेश ध्यान दिनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा टोल विकास संस्थालाई सहयोग गर्नुहुने आठजनालाई सम्मानपत्र र खादाले सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष देववहादुर विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष टिका वहादुर द्धारे खाँण, मनशान्ति केसी,भिम प्रसाद सुवेदी,सकुन्तला शर्मा लगायतले टोल विकास संस्थाको महत्व माथि प्रकाश पर्नुभएको थियो। संस्थाको उपाध्यक्ष सरास्वती सिग्देलले स्वागत गर्नुभएको कार्यक्रममा सचिव कृष्णप्रसाद सापकोटाले सांगठानिक र लक्ष्मी पौडेलले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

## पोखरामा बोलबमको तयारी तीव्र, पैदल यात्रामै सहभागी भइदिन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

श्रावण महिनमको प्रत्येक सोमबार पोखरामा बिगत २४ बर्षदेखि हुदै आएको बोलबमको तयारी तीव्र बनाइएको छ । यस वर्षको श्रावण महिनामा चार वटा सोमबार परेको र यी दिनमा हुने बोलबमको तयारी अन्तिम चरणमा पुगेको आयोजक केदारेश्वर महादेव मणि सेवाश्रम समिति बैदामले जनाएको छ।

श्रावणको ५, १२, १९ र २६ गते सोमबार परेको छ। यी चार दिनमा पोखरा १ बगरको शुक्लागण्डकी गाइघाटमा पुगेर १०८ धारामा स्नान गरी सेती नदीको जल लिएर झाँकी, बाजागाजा, भजनकीर्तन गर्दै करिब आठ किमिको दूरी पैदलयात्रा गरेरै केदारेश्वरमा जलार्पण गर्ने गरिन्छ। यी दिनमा भक्तजनलाई ठाउँठाउँमा सर्वतपानी तथा मन्दिरमा प्रसादको व्यवस्था गरिएको छ। 'बोलबमको नाराले, शान्ति पाउन् साराले' भन्ने मूल मन्त्रका साथ हुने कार्यक्रम साउनका चार वटै सोमबार चल्ने बोलबम संयोजक शंकर खराललले जानकारी



दिए । श्रावणमा भगवान् शिवको आराधना गर्दै ज्योतिर्लिङ्गमा गंगाजल र बेलपत्र जस्ता सामग्रीले पूजा गरे मनोकांक्षा पूरा हुने जनविश्वास छ। बोलबमको महत्व र केदारेश्वरको छुट्टै महिमा छ । संयोजक खराललले भने, '१०८ धारा स्नान, ८ किलोमिटर पैदलयात्रा र १०८ शिवलिङ्गमा जलार्पण गर्न पाउनु भक्तजनको अहोभाग्य हो, जुन केदारेश्वरमा मात्र उपलब्ध छ।' बोलबम संयोजक खरालका अनुसार शिवमन्दिरमा जलार्पण गर्ने कार्यक्रम विभिन्न ठाउँमा रहे पनि आठ संयोगका कारण केदारेश्वरमा भने बोलबमको खास महत्व रहेको छ । भगवान शिवले सृष्टिपालना तथा सम्भारमा अष्ठमूर्ति स्वरुपधारणा गरेको वर्ण शिवपुराणमा उल्लेख रहेको र साधकले आफ्नो साधना प्राप्ति गर्न पनि अष्ठसिद्धि गर्नुपर्ने बताइन्छ । बोलबम जलयात्रा, बाजागाजा र झाँकी तथा शिवलिङ्गमा जलार्पण, पूजाआजा तथा भजनकीर्तनलगायतमा उल्लेख्यरुपमा सहभागिता जनाउन र मनोकांक्षा पूरा गर्न उनले आग्रह गरे । केदारेश्वरमा संचालित केदारेश्वर वैदिक गुरुकुल आश्रमका पीठाधीश डा.चित्घन चैतन्य महाराज (लेखनाथ आचार्य) ले ८० जना बालकको शिक्षादीक्षा, आवासलगायतको व्ययभार पनि भएकोले कार्यक्रमको सफलता मूल मन्त्र हुने बताए। उनले केदारेश्वरमा हुने बोलबमको महत्व अत्यन्तै रहेको बताए। मन्दिरमा सिधै आएर शिव लिङ्गमा पानी, दूध चढाउनु भन्दा गाइघाटबाटै जल लिएर आएर केदारश्वरमा जलार्पण गर्नुको महत्व विशेष रहेको उनले स्पष्ट पारे । बोलबम हुने दिन मध्यान्हमा षोडस् उपचारसहित विशेष पूजा आराधनादेखि भजनकीर्तन गरिने छ भने सन्ध्याकालीन समयमा विशेष पूजासहित महाआरतीसँगै शिव साधना हुने उनले बताए।

पहिलापहिला नेपालबाट बोलबमको लागि भारत जाने गरिएकामा अहिले भारतबाट नेपाल आउन थालेको उनले बताए। उनका अनुसार २४ वर्षअघि केदारेश्वरमा शुरु गरेको बोलबम अहिले गण्डकीकै संस्कृति बनेको छ। पीठाधीश डा. आचार्यले बोलबम शिव साधकका लागि शक्ति जागृत गर्ने पर्व भएको बताए । उनले बोलबममा साकार र निराकारका रूपमा शिवको

बाँकी अन्तिम पृष्ठमा ▶▶


**सीप सिकौं, आत्मनिर्भर बनौं**

शैक्षिक सत्र २०८२/८३ को लागि पूर्ण रोजगार
एवं व्यवसायमूलक प्राविधिक शिक्षामा भर्ना खुल्यो

» Diploma in Computer / IT Engineering
» Diploma in Civil Engineering
» 18 Months Pre-Diploma in Civil Engineering

हाम्रा विशेषताहरू:
- सरकारी तथा गैर सरकारी रोजगारदाताहरुसँग समन्वय गरी पूर्ण रोजगारको सिर्जना गरिने ।
- जीवनभरी आफ्नो प्राविधिक सिपको उपयोग भइरहने ।
- प्राविधिक विषयमा आफ्नै कलेज वा अन्य कलेज तथा वैदेशिक विश्वविद्यालयमा डिग्री लिन सकिने ।
- जेहेन्दार, छात्रा, दलित, जनजाति, मदेशी, मुस्लिम, गरीब समुदायका र SEE मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था ।

न्यूनतम शैक्षिक योग्यता: SLC वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिइ न्यूनतम १.६ ल्याएका विद्यार्थीहरु ।

अन्तिम मिति: २०८२ श्रावण ११ गते सम्म
कक्षा संचालन: २०८२ श्रावण १३ गतेबाट

विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ कलेज
पोखरा-८, फिर्के । फोन नं. ०६१-५७५९२६, ५८१२०९, ९८४६५५०३४७
www.pec.edu.np

# जनप्रियमा जनप्रिय दर्पण र जनप्राज्ञमञ्चको विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

पोखराको जनप्रिय बहुमुखी क्याम्पसमा विद्यार्थीहरूका सिर्जनात्मक लेख रचना एवं अन्य लेख तथा क्याम्पसका विविध सामग्री केन्द्रित पहिलो प्रकाशन जनप्रिय दर्पण र पब्लिक क्याम्पस प्राध्यापक जनप्रिय क्याम्पस एकाइको सत्रौँ अनुसन्धानमूलक प्रकाशन जनप्राज्ञ मञ्च नामक दुई महत्वपूर्ण प्रकाशनको एक विशेष कार्यक्रमका बीच विमोचन गरिएको छ।



क्याम्पस सञ्चालक समिति अध्यक्ष वीरेन्द्रनारायण बिजुक्छेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रम दर्पण प्रकाशन समितिका संयोजक एवं विद्यार्थी शाखा प्रमुख वेदहरी तिमिल्सिनाको सभापतित्वमा सम्पन्न भयो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि बिजुक्छेले जनप्रिय दर्पण क्याम्पसमा अध्ययनरत विद्यार्थीका लेख रचना र सिर्जना केन्द्रित साथै क्याम्पसका महत्त्वपूर्ण जानकारी समेटी प्रकाशन भएको महत्वपूर्ण उपलब्धि भएको कुरा बताउनुभयो। यो प्रकाशनले विद्यार्थीहरूको लेखन कलाको सिप विकास गर्न कोसेढुंगा साबित हुने विश्वास व्यक्त गर्नुभयो। त्यस्तै, जनप्राज्ञ मञ्च जनप्रिय बहुमुखी क्याम्पसमा अध्यापनरत प्राध्यापकहरूको अनुसन्धानमूलक प्रकाशन भएकोले यसले प्राध्यापकहरूको योग्यता तथा क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने उहाँले जोड दिनुभयो। उहाँले दुवै प्रकाशनको सफलता र निरन्तरताको कामना गर्नुभयो।

विशेष अतिथि एवं क्याम्पस प्रमुख कृष्णबाबु बरालले जनप्रिय दर्पण र जनप्राज्ञ मञ्च जनप्रिय क्याम्पसको इतिहासमा महत्वपूर्ण कृतिका रूपमा प्रकाशित भएको बताउनुभयो। उहाँले जनप्रिय दर्पणले समग्र क्याम्पसको जानकारी र विद्यार्थीका लेख रचना समेटेर उनीहरूको लेखन कला र योग्यता क्षमताको विकासमा ठूलो सहयोग पुऱ्याउने बताउनुभयो साथै जन प्राज्ञ मञ्चले प्राध्यापकहरूको क्षमता अभिवृद्धि गर्ने कुरामा जोड दिनुभयो।

कार्यक्रममा सञ्चालक समितिका सदस्य विष्णुप्रसाद बरालले दर्पण र जनप्राज्ञ मञ्च महत्वपूर्ण उपलब्धि भएकोमा जोड दिनुभयो। यस्तै, सञ्चालक समितिका सदस्य एवं पूर्व कार्यबाहक अध्यक्ष परशुराम बरालले यी प्रकाशनहरूले जनप्रिय क्याम्पसको गरिमा बढाउने साथै विद्यार्थी र प्राध्यापकको क्षमता विकासमा टेवा पुग्ने विश्वास विश्वास व्यक्त गर्नुभयो। पब्लिक क्याम्पस प्राध्यापक संघका अध्यक्ष विकास थापा मगर ले जनप्राज्ञ मञ्च र दर्पण दुवै प्राध्यापक र विद्यार्थीहरूका लागि उपयोगी लेखन सामग्री भएको बताउनुभयो। विमोचन कार्यक्रममा सञ्चालक समितिका कोषाध्यक्ष गणेश बहादुर अधिकारी, सदस्यहरू रामप्रसाद बस्ताकोटी, देवीप्रसाद बस्ताकोटी, शोभा मोहन पौडेल, पुष्पराज सिग्देल, सहायक क्याम्पस प्रमुख नवीनराज खनाल, कर्मचारी संघका अध्यक्ष देवी पनेरु, कार्यक्रम संयोजकहरू, विभागीय प्रमुखहरू, प्राध्यापकहरू, उप-प्रशासक निमराज पौडेल, एकनारायण अर्याल लगायत विद्यार्थीहरूको उपस्थिति रहेको थियो। उहाँहरूले दुवै प्रकाशनको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो। कार्यक्रममा धन्यवाद ज्ञापन उपप्राध्यापक दिननाथ लामिछानेले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन दर्पण प्रकाशन समितिका सदस्य उपप्राध्यापक टंकराज बरालले गर्नुभएको थियो।

# हाइकिङ मार्फत तारेभिर र बुद्धपार्कको प्रचारप्रसार

**पोखरापत्र संवाददाता**
दमौली, ३० असार

हाइकिङ मार्फत पोखरा आसपासका पर्यटकीय स्थानहरुको प्रवर्द्धनात्मक कार्यक्रम गर्दै आएको हाईकर्स क्लब नेपालले असारको अन्तिम शनिबार ६० औं श्रृङ्खला पोखरा २२ मा रहेको तारेभिर र बुद्धपार्क पुगेर सम्पन्न गरेको छ।

स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ विगत ६ वर्षदेखि हरेक महिनाको अन्तिम शनिबार गरिदैं आएको हाइकिङ भाग ६० मा पोखरा महानगरपालिका वडा नं. २२ को कालाबाङ घरेडी बाट पैदल यात्रा सुरु गरेर, भुम्दी, तारेभिर, चिसापानी पुगेर पुनः भुम्दी हुँदै कालाबाङ घरेडी बुद्धपार्कमा आएर हाईकिङ कार्यक्रमको समापन गरिएको क्लबका अध्यक्ष कृष्ण रानाभाटले वताए। शनिबार विहान ७ वजे पोखरा-९, न्यूरोड, दरबारथोकमा भेला भएर सिटी बसमा कालाबाङ घरेडीसम्म २५ जना सहभागी भएका थिए।




गृहणी, व्यवसायी, संघसंस्थाका अध्यक्ष, पत्रकारहरुको समुहलाई तारेभिरका होटल व्यवसायी असिम खाजा घर एण्ड किराना पसलका संचालन राजु रानाले स्वागत गर्नुका साथै खानपानको व्यवस्थापन गरेका थिए।

# कवि अल्पायू गुञ्जिए अफ्नै कुटीमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असार

राष्ट्रिय जनसाहित्यिक सङ्घ, गण्डकी प्रदेश समितिले यस नयाँ बर्ष २०८२ बाट 'अविरल गण्डकी जनसाहित्य यात्रा' श्रृङ्खलाबद्ध सञ्चालन गर्दै आएको श्रृङ्लाको तेश्रो प्रहर कवि तथा साहित्यकार धर्मराज पौडेल अल्पायूमा केन्द्रित गरि हालै सम्पन्न भयो।




कार्यक्रम अन्तर्गत एकजना कविलाई उपस्थित गराउने; उनका एक दर्जन कविता, गीत,गजल वा मुक्तक वाचन गर्नुका साथै कविको व्यक्तित्व तथा कृतित्वका बारेमा परिचर्चा गरिने छ।

कवि धर्मराज पौडेल "अल्पायु" का दर्जन कविता वाचन भएका छन्। वाचित रचनाको सटिक समिक्षा गर्दे कवि माधव खतिवडाले अल्पायू निरन्तर आफ्ना सिर्जना कर्ममा परिमार्जित हुँदै अगाडि बढेको बताए।

सभ्य र भव्य रुपमा कवि धर्मराज पौडेलको पोखरा-१३ संगमटोल स्थित आफ्नै कुटिमा गरिएको कार्यक्रममा सुप्रसिद्ध लोकगायिका हरिदेवी कोइराला प्रमुख अतिथि रहेहि थिइन।

गायिका कोइरालाले भनिन् -"कवि धर्मराज पौडेलको सक्रियता प्रशंसनीय छ। पोखरामा हुने प्राय कार्यक्रममा उहाँ उपस्थित हुने गर्नुहुन्छ, सक्रिय भएर कार्यक्रम सफल बनाउन लाग्नुहुन्छ।" राष्ट्रिय जनसाँस्कृतिक महासंघ केन्द्रीय सचिव सुवास मल्ल, प्रदेश सल्लाहकार रामभक्त जोजिजु, साहित्यकार दुर्गा बहादुर शाह "बाबा", कवि गिता तिवारी, महाकाव्यकार बसन्त चालिसे, कवि तथा लोकगायिका चन्द्रावती वाग्ले, गजलकार तथा मुक्तककार सरला लामिछाने, वडा नं ५ का पूर्व वडाध्यक्ष धनबहादुर नेपाली स्थानीय आमा समूह,टोल विकास संस्थाका पदाधिकारी लगायत करिब पाँच दर्जन स्रष्टा र सामाजिक व्यक्तित्वको उपस्थितिमा कार्यक्रम भएको संस्थाका सचिव सौगात तिमिल्सिनाले सञ्चालन, उपाध्यक्ष रमा खतिवडाको स्वागत मन्तब्य र अध्यक्ष छन्द मणिको अध्यक्षतामा सम्पन्न भएको थियो।


# मुग्लिन पोखरा सडक : काम नसकिँदै पूर्वी खण्डको म्याद सकियो

**पोखरापत्र संवाददाता**
दमौली, ३० असार

मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) को तेस्रो पटक थप भएको म्याद सकिएको छ। तेस्रो पटक थप भएको म्याद यही असार २९ गते आइतबारदेखि सकिएको हो।

पूर्वी खण्डअन्तर्गत आँबुखैरेनीदेखि जामुनेसम्मको ४१.५ किलोमिटर खण्डमा चार लेनमा कालोपत्र भने सम्पन्न भइसकेको छ। कालोपत्रबाहेकका अन्य काम बाँकी रहेकाले केही समय म्याद थपका लागि भौतिक पूर्वाधार मन्त्रालयमा सिफारिस गरिएको मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। यस खण्डको हालसम्मको प्रगति ८६ प्रतिशत छ।

उहाँले भननुभयो, "कालोपत्रको सबै काम सकिएको छ, दमौली बजारमा छ लेन र अन्य ठाउँमा चार लेनमा सडक कालोपत्र भएका छन्। अधिकांश ठाउँमा सडक रङरोगन पनि सकिएको छ। अब थोरै मात्र काम बाँकी रहेकाले केही समय म्याद थपका लागि पठाएका छौँ।" पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो। सो कामको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले लिएको हो। विसं २०२६ मा रेखाङ्कन भएको यस सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाइएको हो। पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ।




## प्रधानमन्त्री ...

गण्डकी प्रदेश कृषि विकास निर्देशनालयका प्रमुख बासुदेव काफ्लेले परियोजनाबाट किसान व्यवसायिक कृषि प्रणालीमा प्रवेश गर्दै गएको बताउनुभयो। उहाँका अनुसार, सरकारले कृषि र पशुपालनलाई होस्टेमा हैले प्रवर्द्धन गरेकाले किसान उत्साहित छन्। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उक्त परियोजनाबाट किसानलाई प्रत्यक्ष लाभ पुगेको बताउनु भयो। कतिपय ठाउँमा बिचौलियाले वास्तविक किसानले पाउनुपर्ने अनुदान समयमै नदिएको गुनासो रहेको जानकारी दिदै उहाँले अनुदान दुरुपयोग नहोस् भन्नेतर्फ विशेष ध्यान दिनुभयो। अनुगमन टोलीमा पोखरा महानगरपालिका आर्थिक बिकास महाशाखा प्रमुख मनहर कडरिया सहित सम्बन्धित निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

## पोखरामा ...

आराधना गरिने स्पष्ट पारे। उनले भोलेबम, भोलेबम हुँदै परिस्कृत रूपमा बोलबम भएको जानकारी दिए। बोलबमले पोखरासहित गण्डकी प्रदेशकै धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ। सेती नदीको गाइघाटमा जल लिन जाने भक्तजनलाई नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले सुरक्षा दिनेछन्। साथै केदारेश्वमा ठूलो संख्यामा भक्तजन आउने हुँदा विभिन्न संघसंस्थाले पानी, मोही र प्रसादको समेत व्यवस्था गरेका छन्। समितिका वरिष्ठ उपाध्यक्ष मीना भट्टराई, सचिव ओमनाथ अधिकारीलगायतले बोलबमको महत्वमाथि प्रकाश पारेका थिए।

बोलबमको ध्वनिले, शान्ति पाऊन् साराले' भन्ने मूलमन्त्रका साथ हरेक साउन महिनाको सोमबार बोलबम पदयात्रा हुदै आएको छ।

# मिनी ट्रकमा ठोक्किदा स्कुटर चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ३० असार

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१ अम्रेनीमा रोकिराखेको मिनी ट्रकमा सोमबार दिउँसो स्कुटर ठोक्किँदा एक जनाको मृत्यु भएको छ।

डुम्रेबाट दमौलीतर्फ आउँदै गरेको ग २२ प ३९८९ नम्बरको स्कुटर सडकखण्डको बायाँपट्टि रोकि राखेको बा १ क ८७१४ नम्बरको मिनी ट्रकमा ठोक्किदा स्कुटर चालकको मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेमा व्यास नगरपालिका-१२ छिर्कने बस्ने अन्दाजी २५/३० वर्षीय सागर न्यौपाने रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो।

दुर्घटनामा स्कुटरमा सवार सोही ठाउँ बस्ने ६० वर्षीय कृष्णमाया पन्त घाइते हुनुभएको छ। दुर्घटनामा घाइते न्यौपानेलाई रत्नहरि अस्पताल पठाइएकामा चिकित्सकले मृत घोषणा गरेको प्रनाउ थापाले बताउनुभयो। घाइते पन्तलाई थप उपचारका लागि गण्डकी मेडिकल अस्पताल पोखरा पठाइएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# सरकारले एक वर्ष

देशका प्रमुख दुई ठूला दलको समझदारीमा सत्ता सहयात्रा सुरु भएको एक वर्ष पुगेको छ। नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बिच भएको सातबुँदे सहमतिको जगमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भएको एक वर्ष पूरा भएको छ। कांग्रेस र एमालेबिच २०८१ असार १७ गते भएको सहमति अनुसार राजनीतिक स्थायित्व र संविधान संशोधनसहितको मुद्दामा सहकार्यको आरम्भ भएको हो। सोही सहमतिका आधारमा कांग्रेस, एमालेसहितका दलको समर्थनमा २०८१ असार ३० गते अध्यक्ष ओली प्रधानमन्त्री नियुक्त भएका थिए। अस्थिर राजनीतिक चरित्र भएका दलका नेता भएको परिस्थितिमा सरकार एक वर्ष चल्नुलाई नै सफलता मान्नुपर्छ।

राजनीतिक अस्थिरता चाहनेहरू र व्यवस्थाविरोधीका लागि वर्तमान सरकारको स्थायित्व अरुचिकर रहेको छाती शक्तिले सरकार ढाल्न अनेक वाहनाका आन्दोलन चलाए। सरकार आजै ढल्ने भोलि ढल्ने सामाजिक संजालमा छायो। सरकार ढाल्न शुरु आन्दोलन व्यवस्था ढाल्नेतिर अघि बढाइयो। व्यवस्था ढलिहाल्न लाग्यो भन्ने प्रचारबाजी भयो। यी सबै प्रोपोगन्डा थिए। अस्थिरता चाहनेहरू विभिन्न आवरणमा अहिलेपनि सल्बलाइराखेका छन्। यो सरकारलाई पनि अस्थिर बनाउने एकदम ठुलो प्रयास भइरहेको छ तर एक वर्ष भयो। यो समीकरणको सरकार अघि बढिरहेको छ। अहिलेसम्मका आधारभूत रूपमा आधारशीला निर्माणका काम भएका छन्। कांग्रेस र एमालेबीचमा दरार ल्याउने काम सफल हुन सकेका छैनन्।

राजनीतिक स्थायित्वसँगै आर्थिक रूपान्तरण, सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा नागरिकको गुनासो सम्बोधन गर्ने सन्दर्भमा सरकारको काम अझै सशक्त हुनुपर्ने महसुस प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नु अहिलेको यथार्थता हो। यो समीकरण २०८४ सम्म जान्छ भन्ने दुवै दलका प्रमुख नेताले भन्दै आएको हुँदा चुनाव सम्म जाने अपेक्षा गर्न सकिन्छ। यदि यो भएमा केही स्थिरता भएको मान्न सकिन्छ तर स्थिरता मात्रै भएर हुँदैन। परिणाम पनि दिनु पर्छ। आफूले सहमति गर्दाका बुँदा पनि सम्झनु पर्छ र संविधान संशोधन र सुधारबारे काम अघि बढाउन ढिलाइ गर्नु हुँदैन। एक वर्षको समीक्षा गरेर नवीन प्रयास थाल्नुपर्छ। "यी काम गर्न स्थायित्व चाहिन्छ। व्यवस्थाविरोधी र अस्थिरता चाहनेलाई ठाउँ दिनै हुँदैन। देशका समस्या समाधान गर्न अझै सक्रिय र जागरुक भएर समाधान गर्दै जानु पर्छ। जनताको असन्तुष्टि सम्बोधन गर्नु पर्छ। कमीकमजोरी सुधार गर्नु पर्छ।"

सरकार हल्लिँदैन वा ढल्दैन भनिरहनु पर्दैन। यसो भनिरहँदा राजनीतिक स्थायित्वको अवस्था होइन भन्ने सन्देश जान्छ। सरकारले केही काममा राम्रो थालनी गरेको छ। अब नीतिगत सन्दर्भमा जनतालाई सेवा दिने सन्दर्भमा र सरकारले एक्सन गर्ने विषयमा धेरै काम गर्न बाँकी छ। सरकारले सम्पूर्ण ध्यान त्यसतर्फ लगाउनु पर्छ। जसरी आर्थिक लगानीको वातावरण बनाउन दुवै दलका नेताको सक्रियताले अध्यादेश ल्याउने र त्यसलाई प्रतिस्थापन विधेयक ल्याएर पारित गरिएको थियो। त्यो उत्साह कम भएको हो कि भन्ने भान परेको छात्यसै प्रकारका अन्य कानुन परिमार्जन गर्न पनि सरकारको कार्यशैली प्रभावकारी र चुस्त बनाउनु पर्छ। "सरकारले एक वर्षको अवधिमा राजनीतिक स्थायित्व, अर्थतन्त्र सुधार र विकास निर्माणका सन्दर्भमा महत्वपूर्ण प्रयासको थालनी गरेको छ। यी काम अझै प्रभावकारी बनाउने, संविधान संशोधनको विषय अघि बढाउने, जनअपेक्षा पूरा गरेर नागरिकको वास्तविक स्थिरताको सन्देश दिन सकेमा दुई ठूला दल मिलेको सार्थक हुनेछ।

# चुरेमा हात्तीको बथान, बस्तीमा त्रास

रासस
काठमाडौं, ३० असार

कञ्चनपुर शुक्लाफाँटा नगरपालिकाको चुरे फेदीका वन क्षेत्रमा जङ्गली हात्तीको बथान आइपुगेको छ। भारतीय दुधुवा नेसनल पार्कमा वर्षातको पानी भरिन थालेपछि हात्तीको बथान प्रत्येक वर्ष चुरे क्षेत्रका वनमा आइपुग्ने गर्दछ।

यस वर्ष हात्तीको बथान अरू वर्षको तुलनामा चाँडै चुरे क्षेत्रमा पुगेको छ। हात्तीको बथान बस्ती नजिकैका वन क्षेत्रमा दैनिक देखापर्न थालेपछि सामुदायिक वनमा उपभोक्तालाई नजानका लागि सचेत गराउने कार्य भइरहेको छ। हात्ती रहेको क्षेत्रमा घाँस, दाउरा, सोतरका लागि पुग्ने उपभोक्तालाई जानबाट रोक्ने कार्य भइरहेको वातावरण मध्यवर्ती सामुदायिक वनका अध्यक्ष लोकेन्द्र जोशीले बताउनुभयो। उहाँका अनुसार वन क्षेत्रमा जान पूर्ण रूपमा निषेध गरिएको छ।

"हात्तीको बथान सामुदायिक वनको कार्यालय नजिकैको बाँसघारीमा दैनिकजसो बाँसका टुसा खानका लागि पुग्ने गरेका छन्", उहाँले भन्नुभयो, "उपभोक्तालाई वन क्षेत्रमा नजानका लागि आग्रह गर्दै आएका छौं।" मानवीय क्षति हुन नदिनका लागि उपभोक्तालाई सचेत पार्ने कार्य भइरहेको उहाँले बताउनुभयो। बैजनाथ सामुदायिक वनका अध्यक्ष बहादुरसिंह महरा हात्तीको गतिविधि दैनिक नियाल्दै आएको बताउनुहुन्छ। "मानव बस्तीमा हात्ती छिर्न सक्ने प्रबल सम्भावना हुन्छ," उहाँले भन्नुभयो, "हात्ती धपाउनका लागि स्थानीय बासिन्दा जाँदा मानवीय क्षति पनि हुन सक्छ, त्यसलाई रोक्न हात्ती कुन ठाउँमा पुगेका छन् भनेर चियोचर्चो गर्ने कार्य गरिँदै आएको छ।" वन क्षेत्र भएर धारापानी, पिलरीफाँटा जाने स्थानीय बासिन्दालाई साँझबिहान जानका लागि रोक्ने कार्य गरिँदै आएको उहाँले बताउनुभयो। दिउँसो वन क्षेत्र भएर जानेलाई पनि सतर्कता अपनाएर जानका लागि सल्लाह दिने गरेको उहाँ बताउनुहुन्छ। कम्तीमा १० देखि १५ को सङ्ख्यामा हात्तीको बथान चुरे क्षेत्रमा रहेको छ।

विगत तीन वर्षदेखि हात्तीको बथानले बस्तीमा छिरेर मानवीय र भौतिक क्षति पुऱ्याउँदै आएको छ। किसानले धान नभित्र्याउँदासम्म हात्तीको बथान चुरे क्षेत्रका वनमा रहने गर्दछ। बर्सात् कम हुँदै गएपछि चुरे क्षेत्रबाट तलका बस्तीमा पुगेर धान, उखु, केरालगायतका बालीमा नोक्सानी पुऱ्याउने गर्दछ। हात्तीकै कारण विशेषगरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका किसानले बालीनालीमा बढी क्षति व्यहोर्दै आएका छन्।

हात्तीलाई रोक्नका लागि मध्यवर्ती क्षेत्रका केही ठाउँमा 'मेसवायर' जडान गरिएको भए पनि हात्तीले त्यसलाई भत्काएर खानाको खोजीमा बस्तीमा प्रवेश गर्दै आएको छ। नगरपालिकाको वडा नं ७ का बासिन्दा दानसिंह कुवँर मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने सिमलफाँटा क्षेत्रमा जडान गरिएको मेसवायरमा हात्ती नियन्त्रण गर्नका लागि सौर्य ऊर्जामा आधारित विद्युतीय करेन्ट छाड्ने व्यवस्था गरिदिनका लागि माग गर्दै आएको बताउनुहुन्छ।

"करेन्ट प्रवाह भएको मेसवायर हात्तीले भत्काउँदैन", उहाँले भन्नुभयो, "हात्ती बस्तीमा प्रवेश गर्न पाउँदैन, प्रवेश नगरे बालीनाली र जीउज्यान जोगाउन सकिन्छ।" हात्तीकै कारण खेतबारी लगाएको अन्न भित्र्याउन नपाइने गरेका कारण सिमलफाँटाका अधिकांश बासिन्दा रोजीरोटीका लागि भारततर्फ लाग्ने गरेको उहाँको भनाइ छ। हात्ती नियन्त्रणका लागि वडादेखि नगरसम्म ध्यानाकर्षण गर्दै आए पनि सुनुवाइ हुन नसकेको गुनासो उहाँ गर्नुहुन्छ। हात्तीको बथान धानबाली किसानले भित्र्याई सकेपछि मात्रै दुधुवा नेसनल पार्कतर्फ लाग्ने गर्दछ। त्यसपछि गहुँबाली खेतमा हरियो हुन थालेपछि पुनः यी क्षेत्रमा फर्कने गर्दछ।

# शुक्ला साहित्य प्रतिष्ठानले मनायो भानु जयन्ती

पोखरापत्र संवाददाता
पोखरा, ३० असार



पोखराको अग्रणी साहित्यिक संस्था शुक्ला साहित्य प्रतिष्ठान, बाटुलेचौरले २ सय १२ औं भानु जयन्ती साहित्यक कार्यक्रमका साथ मनाएको छ।

कार्यक्रमको उद्घाटन गर्दै प्रतिष्ठानका प्रमुख संरक्षक हरिलाल तिमिल्सिनाले नेपाली भाषा र साहित्यको विकासमा आदिकवि भानुभक्त आचार्यले पुर्याउनु भएको योगदानको चर्चा गर्दै, आदिकवि विश्वभर रहेका नेपाली भाषीका गौरव रहेको बताउँनुभयो। प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका निः वर्तमान अध्यक्ष हरिबहादुर बरुवालले रामायण पाठ, उपाध्यक्ष दीपेन्द्र बानियाँले आदिकवि भानुभक्त आचार्यको जीवनी र उनका कृर्ति माथिको चर्चा गर्नु भएको थियो। कार्यक्रममा मानार्थ सदस्य रामबहादुर बानियाँ, पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, पोखरा १७ का वडाध्यक्ष राधिका शाही योगी, नेपाल रेडक्रश सोसाईटी कास्कीका जिल्ला सभापति उर्मीला खड्काले आदिकवि भानुभक्तले नेपाली समाजलाई दिएको भाषिक योगदान र एकताको सन्देश कहिल्यै भुल्न नहुने बताए। कार्यक्रममा बाल साहित्यकार गेहेन्द्रमान उदास, मानार्थ सदस्य नेत्र बहादुर बानियाँ, सल्लाहकार सुवास अधिकारी, आमा समूह सदस्य करुणा भट्टराई लगायतले भानु समर्पित कविता वाचन गरेका थिए। प्रतिष्ठानका सदस्य हरिबहादुर थापाको संयोजकत्वमा भएको सो कार्यक्रमको संचालन सचिव रामप्रसाद पौडेल र वरिष्ठ उपाध्यक्ष गीता भण्डारीले स्वागत मन्तव्य राख्नु भएको थियो। त्यस अघि सहभागीले आदिकवि भानुभक्त आचार्यको तस्विरमा माल्यार्पण गरेका थिए।

# मुस्ताङको छेङ्गुरमा 'हाइअल्टिच्युड खेल मैदान'

पोखरापत्र संवाददाता
पोखरा, ३० असार

यहाँको बारागुङ मुक्तिक्षेत्र-२ छेङ्गुरमा 'हाइअल्टिच्युड खेल मैदान' निर्माण थालनी गरिएको छ। यहाँ हाइअल्टिच्युड ट्रेनिङ सेन्टर निर्माण गर्ने गण्डकी प्रदेश सरकारको लक्ष्यअनुरुप प्रारम्भिक चरणमा खेल मैदान निर्माण थालनी गरिएको हो।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत चालु आर्थिक वर्षमा विनियोजित रु ३० लाखमा खेलमैदान निर्माण सुरु गरिएको सामाजिक विकास कार्यालय मुस्ताङका प्रमुख निरपति दर्जीले जानकारी दिनुभयो। समुद्री सतहदेखि तीन हजार ९०० मिटर उचाइमा रहेको बारागुङ-२ छेङ्गुर गाउँ माथिको पाखोमा मैदान निर्माण सुरु भएको उहाँले बताउनुभयो। "चालु आवमा विनियोजित बजेटले स्थानीय उपभोक्ता समितिमार्फत खेलमैदान निर्माणको काम भएको हो", कार्यालय प्रमुख दर्जीले भन्नुभयो, "सीमित बजेटमा यसपटक मैदानको जमिन सम्याउने, फिलिङ गर्ने, कटिङ गर्ने र ग्रेड मिलाउने काम सम्पन्न भएको छ।"उपभोक्ता समितिका सचिव गमबहादुर गुरुङले सीमित बजेटले प्रारम्भिक चरणका पूर्वाधार निर्माणअन्तर्गत फुटबल मैदान निर्माण भएको बताउनुभयो। "अब स्टेज, प्यारापिट, ड्रेन र रङरोगनलगायत काम बाँकी छन्", उहाँले भन्नुभयो। स्थानीय धावा छिरिङ गुरुङले यहाँ सुविधासम्पन्न हाइअल्टिच्युड खेलमैदान निर्माण भएमा खेल पर्यटनको विकासमा ठूलो योगदान पुग्ने बताउनुभयो। गण्डकी प्रदेश सरकारले हाइअल्टिच्युड अन्तराष्ट्रिय ट्रेनिक सेन्टर निर्माण गर्ने लक्ष्यअनुरुप खेल मैदान निर्माण प्रारम्भ गरेको र यसलाई पूर्णता दिनुपर्ने उहाँको भनाइ छ।

यहाँ नजिकै मुक्तिनाथ मन्दिर र अन्नपूर्ण चक्रीय पदमार्गअन्तर्गत विश्वकै अग्लो उचाइमा रहेको भनिएको थोरङ लापास यसै स्थान नजिकै रहेको छ। पछिल्लो समय सडक यातायातको पहुँचसमेत भएकाले यहाँ अन्तराष्ट्रिय हाइअल्टिच्युड ट्रेनिङ सेन्टर पूर्वाधार उपयुक्त भएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिडजिन नामगेल गुरुङले उल्लेख गर्नुभयो। यहाँको पर्वतीय क्षेत्रमा सबै किसिमका खेलकुदको उपयुक्त प्रशिक्षण दिन सकिने र यसका लागि सरकारले छिटोभन्दा छिटो पूर्वाधार निर्माणमा जोड दिनुपर्ने उहाँको आग्रह छ। मुक्तिनाथ क्षेत्रमा अन्तराष्ट्रिय हाइअल्टिच्युड ट्रेनिङ सेन्टर बनेमा मुस्ताङको मात्रै नभई समग्र गण्डकी प्रदेशकै खेल पर्यटनको विकास हुने जनप्रिय युवा क्लबका अध्यक्ष कैसाङ ठोक्या गुरुङले उल्लेख गर्नुभयो। प्रदेश सरकारले यहाँ ट्रेनिक सेन्टर निर्माणका लागि ५७० रोपनी जग्गा आफ्नो नाममा ल्याउने योजना बनाएको छ। त्यसका लागि आगामी आर्थिक वर्षको बजेटमा आवश्यक रकम विनियोजन गरिएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सूचना अधिकारी अञ्जना शर्माले जानकारी दिनुभयो।

# स्वास्थ्यको समान पहुँच पुऱ्याउन कालीगण्डकीमा निःशुल्क स्वास्थ्य बिमा

पोखरापत्र संवाददाता
वालिङ, ३० असार

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले पालिकाभित्रका सबै नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको छ। गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा पालिकाभित्र रहेका चार हजार पाँच सय ४३ घरधुरीका नागरिकको निःशुल्क बिमावापतको रकम रु एक करोड ७२ लाख भुक्तानी गरेको छ।

गाउँपालिकाभित्र बसोबास गर्ने पालिकाबासीको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने उद्देश्य राख्दै कालीगण्डकी गाउँपालिकाले पालिकाका सबै नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको हो। निःशुल्क स्वास्थ्य बिमा गरेसँगै पालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा एक करोड ७२ लाख ७२ हजार एक सय ५० स्याङ्जास्थित स्वास्थ्य बिमा कार्यालयमा भुक्तानी गरेको गाउँपालिकाका निःशुल्क बिमा कार्यक्रममा कार्यरत दुर्गा पाण्डेले जानकारी दिनुभयो। सात वटावडा रहेको कालीगण्डकी -१ मा सात सय ७२ घरधुरी, वडा नं २ मा सात सय २६ घरधुरी, वडा नं ३ मा पाँच सय ६८, वडा नं ४ मा छ सय ८०, वडा नं ५ मा छ सय ८०, वडा नं ६ मा पाँच सय ८८ र वडा नं ७ मा पाँच सय २६ गरी कूल चार हजार पाँच सय ४३ घरधुरीको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको हो।

गाउँपालिकाले पहिलो चरणमा एक हजार ६१७ घरधुरीको बिमावापत ६१ लाख ७७ हजार १५० भुक्तानी गरेको थियो। दोस्रो चरणमा दुई हजार एक सय ८३ घरधुरीका लागि ८२ लाख रु ७० हजार ५००, तेस्रो चरणमा तीन सय ९९ घरधुरीका लागि १४ लाख ९२ हजार ५० र चौँथो तथा अन्तिम चरणमा तीन सय ४४ घरधुरीको बीमावापत १३ लाख ३२ हजार चार सय ५० भुक्तानी गरेको उहाँले जानकारी दिनुभयो। गाउँपालिकाका सात वटै वडाका चार हजार पाँच सय ४३ कूल घरधुरीलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममार्फत समेटिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो। गाउँपालिकाले नागरिकको स्वास्थ्य बिमा नवीकरणवापत प्रत्येक तीन/तीन महिना गरी चार चरणमा रकम भुक्तानी गरेको हो।"गाउँपालिकाका प्रत्येक सात वटै वडामा बिमा अभिकर्ताहरु हुनुहुन्छ" अध्यक्ष थापाले भन्नुभयो, "अभिकर्ताहरुले घर घरमा पुगेर फोटो खिच्ने तथा रसिद काटेर ल्याउनुहुन्छ, तीनै रसिदहरुका आधारमा तथ्याङ्क यकिन गरी स्वास्थ्य बिमा कार्यालय स्याङ्जामा पालिकाबाट सिधैं भुक्तानी गर्छौं।" एक जनादेखि पाँच जनासम्मको परिवारलाई रु तीन हजार ५०० भुक्तानी गर्ने उहाँले बताउनुभयो। पाँच देखिमाथि परिवार सङ्ख्या भएको घरधुरीलाईप्रति सङ्ख्याका आधारमा सात सय थप गरिएको हो। गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ देखि निःशुल्क स्वास्थ्य बिमा कार्याक्रम कार्यान्वयनमा ल्याएको अध्यक्ष थापाले बताउनुभयो। "स्वास्थ्यको पहुँच नभएर गाउँपालिकाभित्रका नागरिक उपचारका लागि अस्पताल जान नसक्ने अवस्था नहोस्, सबैलाई स्वास्थ्यको समान पहुँच पुगोस् भन्ने उद्देश्यले निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम अगाडि सारेका हौं" अध्यक्ष थापाले भन्नुभयो, "आव २०७८/७९ बाट सुरु भएको कार्यक्रमले निरन्तरता पाइराखेको छ।"गाउँपालिकाभित्रका नागरिकले स्वास्थ्य बिमाका अलावा गाउँपालिका मातहतमा मिर्मिमा सञ्चालनमा रहेको कालीगण्डकी अस्पतालबाट दिइने स्वास्थ्यसम्बन्धी उपचार तथा औषधि निःशुल्क प्राप्त गर्दै आइरहेका छन्।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : व्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रथम पटक प्रकाशित सूचना २०८२/०३/३०

यस कार्यालयबाट मिति २०७८/०५/२७ मा कास्की जिल्ला पोखरा ६, कास्कीमा संचालन गर्ने गरि पोखरा-६, कास्की निवासी बुद्ध गुरुङको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २१०५२/०७८/०७९ को टोनिक लन्ज एण्ड बार नामक फर्म बन्द गरी पाउँ भनी मिति २०८२/०३/३० आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# बाँझिएको पाखोबारीमा झाडी फाडेर विद्यालयको तरकारी खेती

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० असार

म्याग्दीको धवलागिरि गाउँपालिका-७ शिवाङको हम नमूना आवासीय माविका विद्यार्थीहरुले बाँझिएको पाखोबारीमा झाडी फाडेर तरकारीखेती गरी हराभरा बनाएका छन् ।

भिङनडाँडास्थित छात्रावास भवन परिसरको विद्यालय र व्यक्तिको छ रोपनी पाखोबारीको झाडी फाडेर खनजोत गरी विद्यार्थीले तरकारीखेती गरेका हुन् । तरकारीखेती हुनुअघि उक्त जग्गामा वनमाराको झाडी थियो । विद्यालयका शिक्षक गिरिप्रसाद छन्त्यालले विद्यार्थीहरुलाई तरकारी खेतीसम्बन्धी व्यवहारिक र व्यावसायिक ज्ञान, सीप सिकाउने, छात्रावासमा आवश्यक पर्ने तरकारी आफै उत्पादन गर्ने र फुर्सदको समय सदुपयोगका लागि तरकारीखेती गरिएको जानकारी दिनुभयो ।

"धवलागिरिको इच्छा, गरिखाने शिक्षा भन्ने कार्यक्रममार्फत गाउँपालिकाको सहयोगमा छात्रावासमा बस्ने विद्यार्थीहरुले साँझ बिहान श्रमदान गरेर पाखोबारीको झाडी फाडेर तरकारीखेती गरेका हुन," उहाँले भन्नुभयो "विद्यार्थीले पढ्दै कमाउने सीप सिक्ने, बाँझो जग्गा र फुर्सदको समय सदुपयोग हुने, छात्राबासमा आवश्यक तरकारी किन्नु नपर्ने र खर्च बचत हुने भएकाले यो कार्यक्रम प्रभावकारी भएको छ ।" बिरुवा उत्पादनका लागि दुई वटा टनेल बनाउनुका साथै पाखोबारीमा सिमी, बोडी, फर्सी, काँक्रो, चरेला, पिँडालु, करेला, फापर, रायोसाग, धनिया, बन्दा, काउलीलगायत प्रजातिका तरकारी लगाएका छन् । करेसाबारीमा लोपोन्मुख तेलहन फिलिङ्गो पनि रोपिएको छ । चार रोपनी जग्गा विद्यालयको हो भने दुई रोपनी वार्षिक रु पाँच हजार तिर्नेगरी भाडामा लिएका छन् । विद्यालय समयपछि साँझ एकदेखि दुई घण्टा करेसाबारीमा बिताउँदा विद्यार्थीले जीवनउपयोगी र व्यावसायिक सीप सिक्नुका साथै 'रिफ्रेस' महसुस गरेका छन् ।

गण्डकी प्रदेश सरकार र धवलागिरि गाउँपालिकाको सहयोगमा सञ्चालित छात्रावासमा ५० जना विद्यार्थी रहेका हेम नमूना आवासीय माविका प्रअ शेरबहादुर केसीले बताउनुभयो । छात्राबासका विद्यार्थीका लागि आवश्यक तरकारी करेसाबारीबाट आपूर्ति गर्ने, बढी भएको तरकारी बेच्ने र कुखुरा, बाख्रा र खरायोपालन गर्ने योजना रहेको उहाँले बताउनुभयो । करेसाबारी स्थापना गर्न धवलागिरि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु एक लाख ५० हजार सहयोग गरेको छ । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले विद्यार्थीलाई पढ्दै कमाउदै गर्ने सीप सिकाउने उद्देश्यले हेम नमूना र मुनाको धवलागिरि माध्यमिक विद्यालयमा "धवलागिरिको इच्छा, गरिखाने शिक्षा" कार्यक्रम सञ्चालन गरेको बताउनुभयो । गत वर्ष रु तीन लाख बजेट विनियोजन भएको कार्यक्रम प्रभावकारी बनेकाले आगामी वर्षलाई पनि निरन्तरता दिएको उहाँले बताउनुभयो ।

# वनफूलले ढोरपाटनमा आकर्षित गर्दै पर्यटक

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० असार



यतिबेला ढोरपाटन उपत्यकामा ढकमक्क फूलेका वनफूलले ढाकिएको छ । राता, पहेँला, बैजनी, गुलावी रङ्गमा फुलेका फुलसँगै हरियाली बनेको समथर मैदानले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान खिचेको छ । एक दशक अगाडिसम्म ढोरपाटन घुम्न पुग्ने पर्यटक निकै कम थिए । जनैपूर्णिमामा ढोरबहार मन्दिरमा पूजा गर्न आउने भक्तजनबाहेक अन्य पर्यटक कमै पुग्थे । दर्शनका लागि पुगेको भक्तजनलाई फाँटैभरी फूलेको वनफूलले छुनै सकेको थिएन ।

तर पछिल्लो समय ढोरपाटन पुग्ने पर्यटक रङ्गीचङ्गी वनफूलसँग पिरती नगाँसी फर्किनन् । खासगरी बर्खाको समयमा ढोरपाटन बढी रमणीय देखिन्छ । अझ पाटनभरी फूलेका वनफूलले यहाँको सुन्दरतालाई बढाएको छ ।

सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको प्रचारले वनफुलसँग तस्बिर र भिडियो खिच्न आउने पर्यटक बढी रहेका छन् । यो याममा दैनिक दुई सय बढी पर्यटक वनफूलसँग रमाउन ढोरपाटन उपत्यकामा पुग्ने गरेका छन् ।

स्थानीयले राके फूलका रुपमा चिन्ने वनफूललाई ढोरपाटा सिकार आरक्षले नाकेफूली, बुकीफूल, मदानेफूल लगायतको नाम दिएको छ । फूलसँग रमाउने पर्यटकले ढोरपाटन उपत्यकाका फाँटमा चहलपहल बढेको छ । देशका ठूला सहरबाट बढी पर्यटक रमाउन आउने गरेका छन् । फूलसँग रमाउन आउने पर्यटकको सङ्ख्या बढेपछि ढोरपाटन उपत्यकामा सञ्चालित होटल व्यवसायसमेत फस्टाउन थालेका छन् । पहिले ढोरपाटन आउने पर्यटकले खास्सै चासो नदिए पनि हरेक पर्यटकको ध्यान पाटनभरी फूलेका फूलले खिच्ने गरेको होटल व्यवसायी धीरेन्द्र घर्ती मगरले बताउनुभयो ।

पछिल्लो समय ढोरपाटनमा घुम्न आउने पर्यटकको सङ्ख्या अत्यधिक बढेको भन्दै फूलसँग रमाउने बढी भएको उहाँको भनाइ छ । पहिले खान बस्नका लागि सुविधा नहुँदा पर्यटक कम आउने गरेको स्मरण गर्दै अहिले धेरै होटल तथा घरबास (होम-स्टे) सञ्चालनमा आएपछि ढोरपाटन घुम्नेका लागि पहिलो रोजाइ परेको घर्ती मगर बताउनुहुन्छ । वनफूललाई पर्यटकले अत्यधिक रुचाएपछि त्यसको संरक्षणमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

घर्ती मगरले भन्नुभयो- "वनफूलको पहिले खास्सै महत्व थिएन, मान्छेहरु मन्दिरमा आएर पूजा गरेर जान्थे तर अहिले पाटननै घुम्ने गरी आउँछन्, त्यसले गर्दा उनीहरुको रोजाई वनफूल परेको छ, वनफूलले पछिल्लो समय हजारौं पर्यटकलाई आकर्षित गरेको छ, यसको संरक्षण भने हुन सकेको छैन, स्थानीय, सिकार आरक्ष र सरकारले पनि संरक्षणमा ध्यान दिनुपर्छ, नत्र पछि यो फूल मासिन पनि सक्छ ।" वनफूल पाटनैभरी फूल्छ । फूलमा घोडा, भेडाबाख्रा र गाईभैंसी खुलेमा चर्ने गर्छन् । वस्तुभाउको गोबरले वनफूल राम्रो हुने गर्छ । पछिल्लो समय पाटनमा जथाभावी रुपमा सवारीसाधान चलाउँदा फूल मासिने जोखिम बढेको ढोरपाटन उपत्यका होटल व्यवसायी समितिका अध्यक्ष जीवन पुनले बताउनुभयो । अघिल्लो वर्षको तुलनामा यो वर्ष कम फूल फुलेको उहाँको भनाइ छ ।

पछिल्लो तीन वर्षमा बर्सेनि फूल कम फूलेको पुनले बताउनुभयो । बर्खाको समयमा ढोरपाटन आउने अधिकांश पर्यटक फूलसँग रमाउने गरेको उहाँको भनाइ छ । बुर्तिबाङदेखि ढोरपाटनसम्मको करिब ३२ किलोमिटर सडक अप्ठ्यारो हुँदा पनि वनफूलसँग रम्न पर्यटक आउने अध्यक्ष पुनले सुनाउनुभयो । वनफूल खासगरी असार पहिलो सातादेखि भदौ महिनासम्म पाटनमा रहने उहाँको भनाइ छ । वनफूल ढोरपाटनमा पर्यटक बढाउने माध्यम बनेको पुन बताउनुहुन्छ ।

"वनफूलसँग रमाउन मान्छेको घुइँचोनै लाखेको देख्दा हामीहरु निकै चकित छौं, किनकी यहाँ त धेरै वर्ष पहिलेदेखि बस्दै आएका छौं, पहिले कोही पनि मान्छे फाँटमा पुगेर फुल टिप्ने गर्दैनथे, तर अहिले ढोरपाटन आउने हरेक मान्छेले फाँटको बिचमै गएर फूल टिपेर फोटो खिच्छन्" उहाँले भन्नुभयो- "फूलसँग रमाउन आउने पर्यटकका कारण ढोरपाटनको होटल व्यवसाय पनि चलायमान बनेको छ ।"

ढोरपाटन आउने पर्यटकमध्ये दैनिक करिब ५० जना बुकीपाटनसमेत उक्लिने गरेका छन् । ढोरपाटन उपत्यकादेखि बुकीपाटन पुग्नका लागि करिब पाँच घण्टाको पैदलयात्रा गर्नुपर्छ ।

यति बेला समूहमा वनफूलसँग रमाउने आउने बढी छन् । बुटवलदेखि आउनुभएका आकाश गिरीले वनफूल र ढोरपाटनको सुन्दरताले मन फुरुङ्ग भएको बताउनुभयो ।

बुटवलमा अत्याधिक गर्मी रहेको हुँदा एक साताका लागि ढोरपाटन आएको उहाँको भनाइ छ । सामाजिक सञ्जालमा ढोरपाटन र वनफूलको भिडियो देखिपछि आफूहरु यहाँ आएको गिरीले सुनाउनुभयो ।"आहा ! ढोरपाटन कत्ति सुन्दर रहेछ, पोहोर साल हाम्रो साथीहरु यहाँ आएर फोटो र भिडियो खिचेर लगेका थिए, त्यो देख्दा आउन मन लागेको थियो, यसपाली आउने मौका मिल्यो, यहाँ आएपछि त स्वर्गमै आए जस्तो भयो, बुर्तिबाङबाट आउने सडक अलि खराब रहेछ, फूलसँग रमाउन त निकै मज्जा आउँदो रहेछ, यस्तो राम्रो ठाउँमा विकास भने हुन सकेको रैनछ ।"

# गुरुङ दम्पत्तिलाई व्यावसायिक स्याउ खेतीले दिएको आनन्द

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० असार

खाली जमिनमा मेहनत गरे के हुँदैन भन्ने दरिलो उदाहरण बन्नुभएका मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४, तिरी गाउँका आङ्ग्या (ङवाङ) र छिरिङ ढोका गुरूङ । उहाँहरुले अहिले जीवनभरको मेहनतको फल प्राप्त गरिरहनुभएको छ ।

गुरुङ दम्पत्तिलाई कुनैबेला बगरमा स्याउ लगाउँदा स्थानीय गाउँलेहरुले कुरा काटेर हैरान पार्दथे । छिरिङ भन्नुहुन्छ " तत्कालीन समय समय सम्झदा नमज्जा लागेपनि अहिले भने राम्रै गरेको भन्ने लागिरहेको छ । " एकै वर्षमा दुईवटा राष्ट्रिय पुरस्कारबाट सम्मानित भएपछि झनै गुरुङ दम्पत्तिमा मेहनत र परिश्रमको हुटहुटि चलेको देखिन्छ । कालीगण्डकी करिडोर बेनी- जोमसोम- कोरोला सडक हुँदै उत्तरी सिमाना कोराला नाका जाने बाटो नजिकै तिरी गाउँ भए पनि विकट झैं लाग्छ । एउटा पक्की पुलको आसामा वर्षौं बिताइसकेका कालीगण्डकी नदी पारी तिरी गाउँका स्थानीयसँगै गुरुङ दम्पत्ति आम मुस्ताङवासी किसानको गतिलो उदाहरण बन्नुभएको छ । सडक सञ्जालले सहज रुपमा नछोए पनि गुरुङ दम्पत्तिले स्याउ र च्याङ्ग्रा बेचेरै वार्षिक लाखौं आम्दानी गर्नुहुन्छ । गुरुङ दम्पत्तिले सुरुआत गर्नुभएको ङवाङ हिसी कृषि तथा पशुपक्षी अर्ग्यानिक फर्मको करिब एक रोपनीबाट सुरुआत गर्नुभएको थियो ।

अहिले समग्र मुस्ताङ जिल्लाकै नमूना किसानमा आफ्नो पहिचान बनाइसक्नु भएका उनीहरुको अहिले करिब ६० रोपनी क्षेत्रफलमा स्याउखेती फैलिएको छ । उनीहरुलाई दैनिकजसो स्याउ खेती स्याहार्ने, बगैँचा व्यवस्थापन गर्नेदेखि अन्य महत्वपूर्ण कार्यमा खर्चिनुपर्ने हुन्छ । बिहान उठेदेखि बेलुकीसम्म पूरै समय किसान भएर काम गर्न पाउदाको क्षण उनी दुबै दम्पत्तिलाई बडो आनन्द आउने उनीहरु बताउछन् । यद्यपि स्याउ बगैँचा व्यवस्थापन र च्याङ्ग्रा हेरालुसहित अहिले उनीहरुसँग करिब आठ जना मजदुर पनि छन् । कुनैबेला व्यावसायिक स्याउखेती नहुने बगरमा बेकारको लगानी गर्‍यो भन्दै आङ्ग्या र छिरिङको खिसीटिउरी गर्ने गाउँलेहरु अहिले उनीहरुको सफलता देखेर चकित परेका छन् । करिब १८ वर्ष पहिला सन्तानको शिक्षादीक्षासहित घरखर्च चलाउने सोचबाट सुरू भएको स्याउखेतीले आम्दानी दिन थालेपछि आङ्ग्या र छिरिङ दम्पत्तीले उक्त फर्मको स्थापना गर्नुभएको थियो । निरन्तर मेहनत र परिश्रम गरे सफलता मिल्छ भन्ने ज्वलन्द उदाहरणको साक्षी हुन् गुरुङ दम्पत्ति । अहिले उनीहरुको कडा मेहनत र परिश्रमकै कारण पछिल्लो केही वर्षमा समग्र मुस्ताङवासीको प्रेरणाको स्रोत बन्नुभएको । पहाडको शिरमा पाँच सय भन्दा बढी च्याङ्ग्रा र खाली बगरमा रैथाने र आधुनिक स्याउखेती गरेर वार्षिक पचास लाखसम्मको आम्दानी भए पनि मेहनत धेरैनै हुने गरेको छिरिङ ढोका गुरुले बताउनुभयो । यसै वर्ष छिरिङ ढोका गुरूङ सरकारबाट, आङ्ग्या (ङवाङ) र छिरिङ ढोका गुरूङ दम्पत्ति पुनः गण्डकी प्रदेश सरकारबाटसमेत वर्षको सर्वोत्कृष्ट किसानको रुपमा सम्मानित हुनुभएको छ ।

छिरिङ ढोका गुरुङले नगद रू दुई लाखसहितको राष्ट्रपति उत्कृष्ट किसान पुरस्कार र गुरुङ दम्पत्तिलाई गण्डकी प्रदेश कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले गण्डकी प्रदेशको सर्वोत्कृष्ट किसान घोषित गरेको छ ।

शुक्रबार पोखरामा कृषि भूमि व्यवस्था तथा सहकारी कृषिमन्त्री पद्यमा जिसी श्रेष्ठ, सचिव वासुदेव रेग्मीले नगद रु ५० हजारसहित दोसल्ला र सम्मानपत्रले पुरस्कृत गर्नुभएको हो । गुरुङ दम्पत्तीको स्याउ बारीमा अहिले करिब दुई हजार पाँच सय स्याउको बोट रहेकोमा यसवर्ष छिमेकी जिल्ला मनाङबाट पाँच सय बोट हाइडेन्सीटी (उच्च घनत्वमा उत्पादन हुने) प्रजातिको स्याउसमेत रोप्ने तयारी गर्नुभएको छ । गतवर्ष खर्च कटाएर ३५ लाख स्याउ बिक्रीबाट मात्रै आम्दानी गर्नुभएको छ । पाँच सय च्याङ्ग्रा रहेको फार्मबाट गतवर्ष १३ लाख आम्दानी गर्नुभएको थियो । जलवायु परिवर्तनले पानीको मुहान सुकेपछि करिब १३ घरधुरी नै विस्थापित हुने जोखिममा रहेको अवस्थामा गाउँमा व्यावसायिक स्याउखेतीसहित पशुपालनमा सक्रिय गुरुङ दम्पत्तीको यतिबेला सङ्घर्ष र सफलताको चर्चा भइरहेको छ ।

# म्याग्दीका छवटा विद्यालयमा आधुनिक कम्प्युटर प्रयोगशाला स्थापना

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० असार

म्याग्दीका छवटा सामुदायिक विद्यालयमा आधुनिक कम्प्युटर प्रयोगशाला स्थापना भएको छ ।

धवलागिरि गाउँपालिका-७ शिवाङको हेम नमूना आवासीय मावि, मङ्गला गाउँपालिका-२ बाबियाचौरको मङ्गला मावि, रघुगङ्गा गाउँपालिका-३ पिप्लेको रघुगङ्गा मावि र अन्नपूर्ण गाउँपालिका-६ घारको मुक्तिमार्ग माविमा २१/२१ वटा कम्प्युटरको व्यवस्थापन गरेर प्रयोगशाला स्थापना भएको हो । रघुगङ्गा गाउँपालिका-४ दग्नामको जनता माविमा ११ र वडा नं ६ ठाडाखानीको मालिका आधारभूत विद्यालयमा १० वटा कम्प्युटर जडान गरेर प्रयोगशाला स्थापना भएको छ ।



क्वालिटी एजुकेसन नेपाल, अस्ट्रेलिया र एजुटेक नेपाल, न्युजिल्यान्डको आर्थिक सहयोगमा समृद्ध ग्रामीण नेपालका लागि शैक्षिक उन्नयन (लर्न)ले संयोजन गरेर रु ४८ लाखको लागतमा प्रयोगशाला स्थापना भएको हो । विद्यालयको पठनपाठनमा प्रयोग हुने विद्युतीय पाठ्यक्रम र पुस्तक राखिएको कम्प्युटरका साथै विद्युत् आपूर्तिको वैकल्पिक व्यवस्थाका लागि ब्याट्री र इनभर्टर पनि जडान गरिएको लर्न संस्थाका निर्देशक कृष्ण तिलिजाले जानकारी दिनुभयो । गत वर्ष धवलागिरि गाउँपालिका-४ मुदीको बुद्धिविकास मावि, रघुगङ्गा-३ मौवाफाँटको ज्ञानोदय र अन्नपूर्ण-४ को प्रभा माविमा 'सर्भर सिस्टम'बाट चल्ने २०/२० वटा कम्प्युटर जडान गरेर प्रयोगशाला स्थापना भएको थियो । निर्देशक तिलिजाका अनुसार आधुनिक कम्प्युटर ल्याबका रूपमा स्थापना गरिएको कम्प्युटर कक्षलाई 'डिजिटल' साक्षरताका रूपमा विकास गर्न उपयोग गरिनेछ । प्रविधिको प्रयोग गरेर पठनपाठन गराई विद्यार्थीको पढाइप्रति रुचि र सिकाइ उपलब्धि वृद्धि गर्ने कम्प्युटर प्रयोगशाला स्थापना गर्नुको उद्देश्य रहेको छ ।

विद्यालयमा आधुनिक कम्प्युटर प्रयोगशाला स्थापना भएपछि विद्यार्थीलाई प्रयोगात्मक अभ्याससहित कम्प्युटर विषयको पठनपाठन गराउन सहज हुने मुक्ति मार्ग मावि घारका प्रअ रामकृष्ण खड्काले बताउनुभयो । कम्प्युटर प्रयोगशाला स्थापनाका लागि फर्निचर, फर्निचर, पर्दा, कार्पेट, कक्षाकोठा व्यवस्थापनको काम भने विद्यालयहरूले नै गरेका हुन् ।


## कर्जा भुक्तानी गर्ने बारे ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/३१**

यस सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिल

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| नाम थर : बत्ती वि.क.<br>ना.प्र.नं. : ४९७४२<br>स्थायी ठेगाना : आँधिखोला ३, स्याङ्जा<br>हालको ठेगाना : पोखरा १७, कास्की<br>पतिको नाम : भिम बहादुर वि.क.<br>ससुराको नाम : पूर्ण बहादुर वि.क.<br>बाबुको नाम : पतिराम वि.क. |  | जग्गा रहेको ठेगाना :<br>पोखरा ३१, कास्की<br>कि.नं.: ३५८३<br>क्षेत्रफलः<br>४९६/७३ वर्ग मिटर | नाम थर : भिम बहादुर विश्वकर्मा<br>ना.प्र.न : ९२१७<br>जारी मिति :२०३९/१२/०७ स्याङ्जा<br>बाबुको नाम : पूर्ण बहादुर वि.क.<br>बाजेको नाम : गोरे बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना : आँधिखोला ३, स्याङ्जा<br>हालको ठेगाना : पोखरा १७, कास्की<br>सम्पर्क न.: ९७०८११९९९८ |  |

**सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा ७, घारीपाटन, फोन नं.: ०६१-४५६७२२**